नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

अर्थ मन्त्रालयको अनुरोध

सुशासन, सेवा प्रवाहमा सुधार र भ्रष्टाचारमुक्त नेपालको पवित्र भाग सहित मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा भएका सहिद परिवारलाई राहत र घाइते व्यक्तिको उपचारका लागि स्वदेश तथा विदेशमा सङ्कलित सहयोग रकम विभिन्न गैर सरकारी संघ संस्थाहरूमा जम्मा भइरहेको जानकारी प्राप्त भएकाले यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। समानान्तर र अपारदर्शी ढङ्गले स्रोतको उपयोग हुन नदिन नेपाल सरकार कटिबद्ध रहेको छ।

नेपाल सरकारले राहत, पुनर्निर्माण र आर्थिक पुनरूत्थानका लागि **भौतिक पूर्वाधार पुनर्निर्माण कोष** स्थापना गरी सहयोग आव्हान गरेको व्यहोरा सबैमा विदितै छ। अतः स्वदेश तथा विदेशमा यस प्रयोजनका लागि सङ्कलित रकम दुरूपयोग हुनबाट रोक्न र पारदर्शी तथा जवाफदेही ढङ्गले परिचालन गर्न देहाय अनुसार कोषको आधिकारिक खातामा मात्र रकम जम्मा गर्न गराउन हुन अनुरोध छ।

यस कोषमा जम्मा हुने रकमबाट राहत र पुनर्निर्माणका साथै जेन-जी सहिद तथा घाइते परिवारका प्रतिनिधिहरू समेतको सहभागितामा समुचित उपयोग गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

<u>योगदान रकम जम्मा गर्ने बैङ्क खाताको विवरणः-</u>

खाताको नामः- भौतिक पूर्वाधार पुनर्निर्माण कोष
(PHYSICAL INFRASTRUCTURE RECONSTRUCTION FUND)

बैङ्कको नामः- राष्ट्रिय वाणिज्य बैङ्क, सिंहदरबार, काठमाडौं।

खाता नं.- 1960100102070004

SWIFT CODE: RBBANPKA

मितिः- आश्विन १८, २०८२

२०८२।९।१८

टेलिफोन नं.:- [illegible]
आ.नि.वि.म. [illegible], योजना, अनुगमन तथा मू.म. [illegible], [illegible] वि.प्र.व. तथा स.स.म. [illegible], वि.ह.म. [illegible]
फ्याक्स नं. [illegible] (अ.आ.स.स.म.)